# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

Website: www.tirahutmun.gov.np
Email: info@tirahutmun.gov.np

पत्र संख्याः ०८३/०८४
चलानी नं. १४४

मितिः २०८३/०५/११

विषय :- स्वदेशी वस्तुको प्रयोग सम्बन्धमा ।

श्री शाखा, उपशाखा,वडा कार्यालय, स्वास्थ्य चौकी सबै,
तिरहुत गाउँपालिका, सप्तरी ।

उपरोक्त सम्बन्धनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प.स.०८३/०८४, च.नं.प्र.शा./३११/८१९ मिति २०८३।०५।०३ गतेको पत्र यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ । उक्त पत्रबाट व्यहोरा अवगत गरी कार्यान्वयन गर्न/गराउनु हुन समेत अनुरोध छ ।

..................
२०८३।५।११

ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०८३/८४
च.नं.:- प्र.शा./३११/८१९

वि.सं. २०८३/५/३
ने.सं. ११४६

श्री मन्त्रालय/आयोग/सचिवालय/निकाय (सबै),
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय (सबै प्रदेश),
श्री स्थानीय तह (सबै)।

विषय: स्वदेशी वस्तुको प्रयोग सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा स्वदेशी उत्पादनको प्रवर्द्धन स्थानीय सीप तथा उद्यमको संरक्षण, रोजगारी सिर्जना, आयात प्रतिस्थापन तथा राष्ट्रिय अर्थतन्त्रमा आन्तरिक उत्पादनको योगदान अभिवृद्धि गर्ने उद्देश्यले सरकारी निकायमा हुने वस्तु तथा सेवाको प्रयोग र खरिदमा नेपाली उत्पादनलाई प्राथमिकता दिन आवश्यक देखिएको छ। यस सन्दर्भमा संघीय मन्त्रालय, विभाग तथा मातहतका निकाय, संवैधानिक निकाय तथा आयोग, प्रदेश सरकार, स्थानीय तह, विदेशस्थित नेपाली नियोगलगायत सबै सरकारी कार्यालयले आफ्नो कार्यालय प्रयोजन, बैठक, समारोह, कोसेली, उपहार, सजावट तथा अन्य उपयुक्त प्रयोजनमा सम्भव भएसम्म नेपाली हस्तकलाका वस्तुको प्रयोग गर्ने व्यवस्था मिलाउने। सरकारी निकायबाट स्टेशनरी तथा छपाइसम्बन्धी वस्तु, फर्निचर, साजसज्जाका वस्तु, निर्माण सामाग्री, मेसिनरी औजार तथा उपकरण, कृषि तथा पशुजन्य उत्पादन र खाद्य तथा पेय पदार्थ खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा अन्य प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही उपलब्धता, गुणस्तर, मूल्य, सुरक्षा तथा आवश्यक मापदण्ड सुनिश्चित गरी स्वदेशी मालसामानलाई प्राथमिकता दिनुहुन तथा त्यसरी प्राथमिकता दिने कुरा बोलपत्र सम्बन्धी कागजातमासमेत उल्लेख गर्नुहुन यस कार्यालयको मिति २०८३/५/३ को निर्णयानुसार अनुरोध छ। साथै, सार्वजनिक निकायले स्वदेशी वस्तुको खरिद वा प्रयोग गरे वा नगरेको सम्बन्धमा सम्बन्धित निकायको प्रमुखले नियमित रुपमा र मन्त्रालयले त्रैमासिक रुपमा निरीक्षण तथा अनुगमन गर्नु, गराउनुहुनसमेत अनुरोध छ।

२०८३/५/३
(नेत्र प्रसाद पोखेल)
शाखा अधिकृत

फ्याक्स: ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल